म.जि. प्र. का. द.नं. : १७६/०६८, वर्ष ११, अंक २४४ मंगलबार २९ चैत २०७८ एकादशी ने. सं. ११४२ चिल्लाथ्व 12 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मृतकको नाम मतदाता नामावलिमा

हेटौंडा, २८ चैत/ मकवानपुरमा मृत्यु भइसकेको व्यक्तिको नाम पनि मतदाता नामावलिमा कायम रहेको पाइएको छ ।

जिल्लाको स्थानीय तहहरुले मृत्यु भएकाहरुको विवरण नदिँदा मृतक पनि मतदाता नामावलिमा रहेका हुन् । २०७४ को निर्वाचनपछि मृत्यु भएका मतदाताहरुको नामावली हटाउन निर्वाचन आयोगले संचालन गरेको अभियान अन्तर्गत मकवानपुरमा प्रदेश निर्वाचन कार्यालय हेटौंडाले २७ गतेदेखी २९ फागुनसम्म मृतक मतदाताको लगत कट्टाको मिति तय गरेको थियो । ३० बैशाखमा हुने स्थानीय तहको निर्वाचन तयारीका लागि १६ फागुनमा निर्वाचन कार्यालयले १० वटै स्थानीय तहलाई मृत्यु दर्ता अनुसार मृत्यु भएकाहरुको विवरण उपलब्ध गराउन पत्र पठाएको थियो । तर, स्थानीय तहले वेवास्ता गर्दै विवरण उपलब्ध नगराएको भन्दै निर्वाचन कार्यालयले लगत कट्टा गरेको छैन ।

जसका कारण मकवानपुरमा २०७४ पछि मृत्यु भएका मतदाताको नाम मतदाता नामावलीमा कायमनै छ । प्रदेश निर्वाचन अधिकारी लुम्बनाथ पोखरेलले स्थानीय तहले विवरण उपलब्ध नगराउँदा मृत्यु मतदाताको नाम हटाउन नसकिएको बताए ।

### मकवानपुरमा भागबण्डा टुंग्याउन गठबन्धनलाई सकस

# कांग्रेस ६, माओवादी ५ र एकीकृत समाजवादीको ३ पालिकामा दाबी

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ मकवानपुरमा आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनको सरगर्मी बढेको छ । नेकपा एमाले एक्लै र पाँच दल गठबन्धन बनाएर निर्वाचनमा होमिँदै छन् ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) जनता समाजवादी र राष्ट्रिय जनमार्चाबीचको गठबन्धनबिरुद्ध एमाले एक्लै चुनाव लड्ने अवस्थामा छ । कमल थापा नेतृत्वको राप्रपा नेपालसँग तालमेल गर्ने चर्चा भइरहेपनि हालसम्म एमाले निर्वाचनमा एक्लै भिड्ने स्थितिमा देखिएको हो ।

यता, २०७४ सालको निर्वाचनअनुसार जिल्लाको दोस्रो ठूलो दल कांग्रेस र तेस्रो ठूलो दल माओवादीले एकीकृत समाजवादीसहित दुई साना दललाई साथमा लिएर सबै पालिका जित्ने महत्वाकांक्षी योजना बुनेको छ । यद्यपि, गठबन्धनलाई मकवानपुरमा एमाले हराउन भने त्यति सहज छैन ।

कम्युनिष्टको गढका रुपमा रहेको मकवानपुरमा एमाले सबैभन्दा बलियो पार्टी हो । एमाले विभाजनपछि बनेको एकीकृत समाजवादीलाई साथमा लिएको गठबन्धनले जिल्लाका १० वटै स्थानीय तहमा एमालेलाई हराउने रणनीति बनाइरहेको नेताहरु बताउँछन् । निर्वाचन निजिकिएसँगै दलहरु आन्तरिक तयारीमा जुटेका छन् । एमालेले एकसय दुई वटा वडादेखि ८ वटा गाउँपालिका र एउटा नगरपालिकाको अध्यक्ष र सदस्यका उम्मेदवारको नाम जिल्लामा सिफारिस गरिसकेको छ ।

हेटौंडा उपमहानगरको मेयरमा ९ जना र उपमेयरमा ७ जना आकांक्षी देखिँदा आज मंगलबार निर्णायक छलफल हुने जनाइएको छ । यसर्थ पाँच दलसँग एक्लै चुनाव लड्ने आँटमा रहेको एमालेले सम्भावित उम्मेदबारहरु टुङ्ग्याइ सकेको अवस्था छ ।

तर, २०४६ सालपछि लगातार निर्वाचन जित्दै आएको एमालेलाई हराएर मकवानपुरमा नयाँ इतिहास बनाउने महत्वाकांक्षी योजना बनाएको गठबन्धनले हालसम्म भागबण्डा मिलाएर उम्मेदबार टुंगो लगाउन भने सकेको छैन । निर्वाचनको मिति नजिकिएसँगै आ-आफ्नो पार्टीका उम्मेदबार टुंगो लगाउन नसक्दा गठबन्धनलाई प्राविधिक असर पुग्ने निश्चित छ ।

तर, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले वैशाख १० गतेसम्म भएपनि उम्मेदवार टुंगिए गठबन्धनलाई कुनै असर नपर्ने दाबी गर्छन । 'सायद दुई-तीन दिनभित्र उम्मेदवारको टुंगो लाग्छ । प्रदेश र केन्द्रको निर्देशन कुरेर बसेका छौं । वैशाख १० गतेसम्मै लागेछ भनेपनि हामीलाई अझै आवश्यक समय रहन्छ', लामाले भने ।

कांग्रेस सभापति लामाले गठबन्धनका दलबीच पटक-पटक छलफल भएपनि भागबण्डाको विषय नटुंगिएको जानकारी दिए । उनले आधार र आवश्यकताका आधारमा भागबण्डा हुने बताए । 'गठबन्धनका दलको मतदाताकोआधार र पालिकाहरुमा आवश्यकताअनुसार भागबण्डा टुङ्ग्याउने हो । सबै पार्टीको आ-आफ्नै दाबी छ । केही दिनभित्रै मिलाउँछौं', लामा भन्छन् ।

उनले मकवानपुरमा बहुमत पालिका, वडामा कांग्रेसको टिकट निश्चित भएको लामाको दाबी छ । उनको भनाइ अनुसार कांग्रेसले मकवानपुरमा ६ वटा पालिका, ६० देखि ६५ वटा वडामा अध्यक्ष दाबी गरेको छ । 'कांग्रेस गठबन्धनभित्र ठूलो दल हो । यसले बहुमत सिट खोज्नु स्वभाविक हो', लामा भन्छन् ।

कांग्रेसले हेटौंडा उपमहानगरसहित, राक्सिराङ, बकैया, मवानपुरगढी, कैलाश र मनहरी गाउँपालिकामा दाबी गरेको छ । २०७४ को निर्वाचनमा कांग्रेसले राक्सिराङमा अध्यक्ष र उपाध्यक्ष, बकैयामा अध्यक्ष र थाहा नगरमा उपप्रमुख जितेको थियो । नेकपा माओवादी केन्द्रले पाँच वटा गाउँपालिका, ४६ वटा वडा र जिल्ला समन्वय समितिको उपप्रमुखमा दाबी गरेको छ । माओवादी केन्द्र मकवानपुरका सचिव भीम पाख्रिनका अनुसार थाहा नगरपालिका र बागमती गाउँपालिकासहित अन्य तीन वटा गाउँपालिकामा माओवादीले दाबी गरेको हो ।

माओवादीले भीमफेदी, मनहरी र मकवानपुरगढीको अध्यक्षमा दाबी गरेको माओवादीकै एक जिल्ला सदस्यले जानकारी दिए । २०७४ को निर्वाचनमा माओवादीले थाहा नगरमा प्रमुख र बागमतीमा अध्यक्ष जितेको थियो ।

गठबन्धनकै अर्को दल एकीकृत समाजवादीले हेटौंडा उपमहानगरसहित दुई गाउँपालिका र ३० वटा वडामा अध्यक्ष दाबी गरेको छ । समाजवादी मकवानपुरका अध्यक्ष श्रीधर पोखेलले हेटौंडा उपमहानगर, कैलाश र इन्द्रसरोबर गाउँपालिकामा दाबी गरेको जानकारी दिए । यी तीनवटै पालिकामा गत निर्वाचनमा एमालेका उम्मेदबारले चुनाव जितेका थिए । जसमध्ये कैलाश र इन्द्रसरोबरका अध्यक्षले एकीकृत समाजवादी रोजिसकेका छन् । हेटौंडाकी उपप्रमुख मीना कुमारी लामा पनि समाजवादीमा समाहित भएकी छन् । उनै लामा गठबन्धनभित्र भागबण्डा हुँदा हेटौंडा समाजवादीले पाए मेयर बन्ने तयारीमा छन् । गठबन्धनको अर्को दल जनता समाजवादीले एउटा वडा र जनमोर्चाले दुई वटा वडा अध्यक्ष र केही वडा सदस्यमा दाबी गरेको जनाइएको छ ।

गठबन्धनका नेताहरुका अनुसार माओवादी र समाजवादीले दाबी गरेको पालिका पाउन मुस्किल छ । कांग्रेसले बहुमत सिट दाबी गरेपछि माओवादीले तीनदेखि चार पालिका र समाजवादीले एकदेखि दुई पालिका पाउने कांग्रेस मकवानपुरका एक पदाधिकारीले जानकारी दिए । 'कांग्रेस ठूलो दल भएकाले ६ पालिका र ६० वटाको हाराहारीमा वडा अध्यक्ष लिन्छ ।

माओवादीले ३ वा ४ पालिका पाउँछ भने समाजवादीले १ वा २ पालिका पाउँछ । हेटौंडा उपमहानगर कांग्रेसले नै लिने हो त्यसमा दुईमत छैन', ती पदाधिकारीले भने । उनले भागबण्डामा दलहरुबीच विवाद नभए पनि प्रदेशको गठबन्धनको निर्णय कुरेर बसेको जानकारी दिए ।

# बागमती प्रदेशमा ५ दलीय गठबन्धन सहमतिनजिक

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको लागि बागमती प्रदेशमा ५ दलीय सत्तारुढ गठबन्धन सहमतिनजिक पुगेको छ ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको अध्यक्षतामा बसेको गठबन्धनको बैठक सहमतिनजिक पुगेको हो । बैठकमा प्रदेशका एकसय १९ पालिका र एकहजार एकसय २१ वडामा नै आवश्यकता र औचित्यको आधारमा गठबन्धन गरेर जाने सहमतिमा पुगेको ५ दलीय गठबन्धन संयन्त्रका सचिव राजु नेपालले बताए ।

आइतबार र सोमबार दुई दिन काठमाडौंमा बसेको गठबन्धनको




बैठकमा बागमती प्रदेशका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका पार्टी प्रमुखहरुको उपस्थिति थियो । यसअघि बागमती प्रदेशका ५ दलीय गठबन्धनले आ-आफ्नो दलमा पालिका र वडामा मतको विश्लेषण र प्रतिवेदन बुझाउन मातहतका निकायलाई निर्देशन दिइसकेका छन् भने बागमती प्रदेश गठबन्धनले पनि तत्कालै साझा सहमति गरेर केन्द्रमा प्रतिवेदन बुझाउने तयारी रहेको सचिव नेपालले बताए ।









साझाकुरा

## हाम्रो कुरा

# नियमित व्यायाम गरौं

व्यायाम, मानव शरीरलाई अति आवश्यक देखिएको छ । मानवको अहिलेको खानपान र रहनसहनका कारण पनि नियमित व्यायाम अति जरुरी छ । नियमित व्यायाम गर्ने व्यक्तिहरुमा अनिन्द्राको समस्या हुँदैन । भोक लाग्छ, खाना मिठो हुन्छ, पाचन राम्रो हुन्छ र मिठो निन्द्रा लाग्छ । केहि पुरुषहरुमा पचास वर्ष पुग्दा नपुग्दै यौन समस्या सुरु भएर विभिन्न क्लिनिक, नर्सिङ होम धाउने या यौन उत्तेजना बढाउन सकिन्छ कि भनेर महँगा औषधी सेवन गर्ने गरेको पाइन्छ । नियमित शारीरिक व्यायाम गर्ने हो भने यौन समस्या पनि हराएर जान सक्छ । हाम्रो शरीरमा रोगसंग लड्ने र विभिन्न रोगबाट बचाउने एउटा सिस्टम हुन्छ, जसलाई हामी प्रतिरक्षा प्रणाली भन्छौं । कुनैपनि रोगले हामीलाई आक्रमण गर्दा, प्रतिरक्षा प्रणालीका कोषहरु पहिले लड्छन र यीनीहरुले जीते भने हामीलाई रोगले आक्रमण गर्न सक्दैन । नियमित व्यायाम गर्दा हाम्रो प्रतिरक्षा प्रणाली बलियो हुन्छ र हामी रोगहरुबाट बच्न सक्छौं ।

मानिस बिहानदेखि रातिसम्म दौडधुप गरिरहेका हुन्छन्, आवश्यकता बढ्दै छन्, महँगाई बढ्दैछ, जति दौडधुप गरेपनि मानिस सन्तुष्ट हुन सकिरहेका छैनन् र मानसिक तनाब बढ्दैछ, तनावका कारण हुने समस्याहरु बढ्दैछन्, तनावका कारण हुने विभिन्न शारीरिक र मानसिक रोगहरु बढ्दैछन् । तनावबाट उत्पन्न समस्याहरुको उपचार मानिसले औषधीमुलोमा खोजिरहेको छ । तर, के कारणले आफूलाई समस्या भएको हो भन्नेबारे भने करिब अनभिज्ञ नै छ । तनाब हुँदा शरीरबाट यस्ता रासायनिक तत्वहरु निस्कन्छन् जसले ब्लड प्रेसर बढाउँछन, पेटको समस्या हुन्छ, पाचन क्रिया गडबड हुन्छ, निन्द्रा राम्रो लाग्दैन, विनाकारण रिस उठ्छ, पारिवारीक कलह हुन्छ र रोगसंग लड्न सक्ने क्षमतासमेत घट्छ । यति हुँदाहुँदै पनि यदि नियमित व्यायाम गर्ने हो भने मानसिक तनाव कम गर्नसमेत यसले सहयोग गर्दछ । मानसिक तनाव कै कारण मानिसलाई चिन्ता रोग तथा डिप्रेसन रोग लाग्न सक्छ । चिन्ता रोग तथा डिप्रेसनलाई रोकथाम गर्ने एउटा तरिका नियमित व्यायाम गर्नु र मानसिक तनाव घटाउनु हो । अहिले संसारमै मुटुरोग र डिप्रेसन प्रमुख रोगहरु भएका छन् । शारीरिक व्यायाम नगर्ने र मानसिक तनाव बढी हुने मानिसहरु नै यसको शिकार भइरहेका छन् । अनियन्त्रित ब्लड प्रेसर, मधुमेह, अत्यधिक कोलेस्टेरोल, धुमपान, मोटोपना यसका अन्य कारणहरु हुन् । नियमित शारीरिक व्यायाम गर्ने, तनाबको राम्रो व्यवस्थापन गर्नेमा ध्यान दिने हो भने मुटुरोग र डिप्रेसन दुबैबाट बच्न सकिनेछ ।

शारीरिक व्यायामका साथै हामीले कस्तो खाना खान्छौ त्यसको असर पनि शरीरमा पर्छ । शारीरिक व्यायाम नियमित गर्नुपर्छ । सबैको चाहना जिन्दगी खुशीपूर्वक बिताउने हो, रमाइलो गरी बिताउने हो र त्यसको लागि हामी सबैले आफैं प्रयास गर्नुपर्छ किन कि खुशी, आनन्द र रमाइलोपना आफू भित्रैबाट आउने हो बाहिरबाट आउने होइन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत ३० गते बुधबार १३ अप्रिल २०२२ । चैत शुक्ल द्वादशी । चौलाथ्व द्वादशी ११४२ । सूर्योदय ५:४३ र सूर्यास्त ६:२५ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु बढ्नेछन् | **तुला** | : पढाइमा प्रगति हुनेछ |
| **वृष** | : आम्दानी घट्नेछ | **वृश्चिक** | : उत्साहमा कमी आउनेछ |
| **मिथुन** | : मित्रताले हर्ष बढ्नेछ | **धनु** | : आफन्तबाट धोका हुनेछ |
| **कर्कट** | : कामको तारिफ हुनेछ | **मकर** | : प्रतिष्ठित काम पाइनेछ |
| **सिंह** | : दाम कमाउने बेला छ | **कुम्भ** | : सामाजिक दायित्व बढ्नेछ |
| **कन्या** | : प्रयत्न निरर्थक हुनेछ | **मीन** | : काममा सहयोग मिल्नेछ |

# मनोरञ्जन क्षेत्र : गर्व गर्ने वातावरण बनाऔं



शुभेच्छा विन्दु तुलाधर

अहिले २३ वर्ष पुगेकी अनिता (नाम परिवर्तन) त्यतिबेला जम्मा १५ वर्षकी थिइन्, जब उनी पहिलोपटक काठमाडौं प्रवेश गरिन् । धुम्बाराहीको चण्डोलस्थित दिदीको कोठामा बसेकी अनितालाई काठमाडौं कति महँगो सहर हो भन्न कुरा बुझ्न त्यति धेरै समय लागेन । काठमाडौंमै बसेर एसएलसी दिने उद्देश्यले गाउँ छोडेर आएकी उनी दिदीले नै लगाइदिएको एउटा दोहोरी रेष्टुरेन्टमा जागिरे भइन् । उनको लागि सहरजस्तै आफू काम गरेको ठाउँ र त्यहाँ आउने मानिसहरू पनि नौला थिए ।

साथै त्यहाँ गरिने व्यवहार पनि । सुरु सुरुमा उनलाई लागेको थियो कि सहरमा गर्ने काम र त्यहाँ हुने व्यवहार भनेको यस्तै हुन्छ । ग्राहकहरूले इशारा गरेर बोलाउने, सँगै बस्न दिने, घर व्यवहारको कुरा गर्ने, खानेकुरा खान दिने, साथमा बियर खुवाउने, मात चढ्दै गएपछि शरीरमा छुने गर्छन् । सुरुमा यी सबै सहजजस्तो लागे पनि पछि असहज हुँदै जान थाल्यो किनभने रेष्टुरेन्टमा आउने ग्राहकले उनीमाथि गर्ने व्यवहार क्रमश: भारी हुँदै जान थालेको थियो । उनले यसबारे घरमा दिदीसँग कुरा गरिन् । दिदीले रेष्टुरेन्ट मालिकसँगै कुरा गर्ने सल्लाह दिइन् । उनले मालिकसँग कुरा गरिन् । तर मालिकले सम्झाउँदै भने कि काठमाडौंमा यो सबै सामान्य हो, जहाँ पनि हुने यस्तै हो, काम गर्दै गएपछि तलब पनि बढ्दै जान्छ र यस्ता व्यवहारहरू पनि सामान्य हुँदै जान्छ ।

यसै क्रममा एक दिन रेष्टुरेन्टमा विश्वास नेपाल संस्थाका केही महिला प्रतिनिधिहरू आएर यदि आफू काम गर्ने ठाउँमा यस्ता-यस्ता व्यवहारहरू गरिन्छ भने त्यो दुर्व्यवहार हो, त्यसलाई सहेर बस्नु हुन्न भनी बुझाए । त्यो सुनेर अनिता झसङ्ग भइन् । पछि उनै दिदीहरूको सल्लाहमा उनले रेष्टुरेन्टको काम छोडिन् र केक बनाउने एउटा पसलमा काम गरिन् । अहिले ज्यूँत्यूँ परिवार चलिरहेको छ । कसैको दुर्व्यवहार सहन नपरेकोले उनलाई सन्तोष लाग्छ । काठमाडौंमा सञ्चालित मनोरञ्जन क्षेत्रका रेष्टुरेन्टहरूमा काम गर्ने महिला मजदुरहरूमाथि गरिने यौन दुर्व्यवहार र त्यसपछि काम छोड्न बाध्य हुनुपर्ने यथार्थको यो सानो चित्रण मात्र हो । खासगरी राति अबेर सम्म सञ्चालन हुने यी दोहोरी, गजल, डान्सबार जस्ता रेष्टुरेन्टहरूमा कला र संगीत बाहिर देखाउने मनोरञ्जन, आवरण मात्रै हुने र भित्री मनोरञ्जनचाहिँ त्यहाँ वेटरका रूपमा काम गर्ने महिला कामदारहरूमाथि ग्राहकहरूले गर्ने यौन शोषण नै मुख्य हुने गरेको देखिन्छ । ती रेष्टुरेन्टहरूमा काम गर्ने महिला कामदारहरूलाई ग्राहकले गाला सुमसुम्याउने,





चिमोट्ने, शरीरका संवेदनशील अङ्गहरू छुनेजस्ता दुर्व्यवहार गर्ने गर्दछन् । धेरैजसो ग्राहकले त्यसरी यौनजन्य व्यवहार गर्न दिएबापत कामदारलाई केही पैसा (टिप्स) पनि दिने गर्छन् । रेष्टुरेन्टमा महिला कामदारलाई यस्तो व्यवहार गर्न पाइने भएकै कारणले ग्राहकहरू महँगो पैसा तिरेर भए पनि त्यहाँ जाने गर्छन् । रेष्टुरेन्ट मालिक र कामदारका लागि ती ग्राहकहरू नै कमाइको मुख्य स्रोत हुन् ।

त्यसैले उनीहरूलाई कसैले केही भन्दैनन् र भन्न पनि सक्दैनन् । यस्ता रेष्टुरेन्ट मालिकहरूले त झन् यस्तै गरी ग्राहक खुसी पार्नुपर्छ भनी आदेश दिन्छन् । रेष्टुरेन्टभित्र गरिने यस्ता दुर्व्यवहारबाट कतिपय महिला कामदारहरू आजित भएका हुन्छन् । तैपनि अर्को आयस्रोत र अरु कामको लागि आवश्यक सीप र योग्यता नभएको कारण उनीहरू दुर्व्यवहार सहेर भए पनि बाध्यतावस काम गरिरहेका हुन्छन् । राम्रो काम भेट्टाए भने रेष्टुरेन्ट छोडेर नयाँ काममा लागिहाल्छन् । तर धेरैजसो मामिलामा उनीहरूले भेट्टाउने त्यो 'नयाँ काम' वास्तवमा कुनै पनि अर्थमा नयाँ हुँदैन । त्यो त उनीहरूलाई एउटा दुष्चक्रबाट निकालेर अर्को दुष्चक्रमा फसाइदिने एउटा खेल मात्र पनि हुनसक्छ ।

रेष्टुरेन्टमा गरिने यस्ता दुर्व्यवहारबाट आजित भएका महिला कामदारहरूलाई अर्को राम्रो काममा लगाइदिन्छु भनी प्रलोभन दिने मानिसहरू पनि त्यहाँ ग्राहककै भएर आइरहेका हुन्छन् । सुरुमा उनीहरूले महिला कामदारसँग सम्पर्क बढाउँछन् । उनीहरूको सुख-दु:ख बुझ्छन् । कुरैकुरामा धेरै पैसा कमाउने भए वैदेशिक रोजगारीमा जानु राम्रो हो, आफूले पनि विदेश गएरै पैसा कमाएर आएको हुँ भनी प्रलोभनको जाल फ्याँक्न सुरु गर्छन् । त्यसपछि जाने हो भने आफूले मिलाइदिन्छु, यति पैसा लाग्छ, यसो गर्ने, उसो गर्ने भन्दै फसाउँदै लान्छन् ।

विदेशमा केही मानिससँग उनीहरूको सम्पर्क त भएको हुनसक्छ, तर ती मानिस आधिकारिक वा भरपर्दा भने हुँदैनन् । यदि महिला कामदार जालमा फसिन् र विदेश जान तयार भइन् भने उनीहरूले कुनै वैदेशिक रोजगारी संस्था (म्यानपावर एजेन्सी)सँग सम्पर्क नगरी व्यक्तिगत तवरमै सिधा विदेश पठाइदिने गर्छन् । विदेश पुगेपछि भने ती महिलाको दु:खको दोस्रो चक्र सुरु हुन थाल्छ । हचुवाका भरमा विदेश पुगेपछि त्यहाँ उनीहरूले राम्रो काम पाउन सक्दैनन् । तर काम जतिसुकै नराम्रो भए पनि गुनासो गर्ने व्यक्ति वा ठाउँ भेट्टाउँदैनन् । काम गर्ने ठाउँमा श्रम शोषण मात्र होइन, आर्थिक, यौन, मानसिक र शारीरिक शोषणसमेत सहनुपर्ने हुन्छ ।

त्यसपछि उनीहरूसँग काठमाडौंको रेष्टुरेन्टमा भन्दा पनि भयानक शोषण सहेर बस्ने वा फसेको पैसा त्यसै छोडेर स्वदेश फर्कनेबाहेक अर्को विकल्प हुँदैन । वैदेशिक रोजगारीको बेला यौन शोषणमा परेका कतिपय महिला कामदार गर्भवती हुन्छन् र नागरिकतालगायतका झनै ठूलो झमेला र समस्यामा पर्छन् । यसरी यहाँका मनोरञ्जन क्षेत्रका रेष्टुरेन्टहरू आफैमा महिला कामदारहरूमाथि शोषण गर्ने थलो त भएकै हुन्छन्, साथसाथै रेष्टुरेन्टभित्र पीडित भएका महिलालाई असुरक्षित तवरले विदेश पठाइदिने अघोषित सम्पर्क केन्द्रसमेत बन्दै गइरहेको पाइन्छ ।

गरिबी, अशिक्षा, बाध्यता आदि जस्ता कारणहरूले गर्दा अबोध किशोरीहरू र युवतीहरू मनोरञ्जन क्षेत्रका त्यस्ता रेष्टुरेन्टहरूमा काम गर्न पुगेका हुन्छन् । मनोरञ्जन क्षेत्र भन्दैमा सबै रेष्टुरेन्टहरू खराब हुँदैनन् । स्वस्थ मनोरञ्जन दिने रेष्टुरेन्टहरू पनि धेरै छन् । त्यसैले मनोरञ्जन क्षेत्रका रेष्टुरेन्टहरूमा काम सुरु गर्नुभन्दा पहिले आफूले काम गर्न लागेको रेष्टुरेन्टबारे राम्ररी बुझ्नु आवश्यक हुन्छ ।

त्यो कस्तो खाले रेष्टुरेन्ट हो, त्यहाँ आफूलाई दिन लागेको काम के हो, त्यो काममा आफूले गर्नुपर्ने काम के के हो, कति बजेदेखि कति बजेसम्म बस्नुपर्ने हो, तलब सुविधा कस्तो हो, सो रेष्टुरेन्ट कुनै निकायमा दर्ता गरिएको छ वा छैन आदि जस्ता कुराहरूको जानकारी लिनु आवश्यक हुन्छ । वैधानिक रुपमा दर्ता भएको रेष्टुरेन्टमा मात्र काम गर्नुपर्छ र श्रमबारे आधिकारिक करार-पत्र बनाउनुपर्छ । यसो गर्दा ठगिने तथा दुर्व्यवहार र शोषणमा पर्ने जोखिम कम हुन्छ । साथै, आवश्यक पर्दा कानुनी सहयोग लिन सजिलो हुन्छ । काम सुरु गरिसकेपछि दुष्चक्रमा फस्नुभन्दा पहिल्यै त्यसबारे जानकार हुनु राम्रो हुन्छ । यदि त्यो काम आफूलाई मन नपर्ने खालको हो भने नगर्नु वेश हो । केही गरी त्यसमा फसिसकेको छ भने सतर्कतापूर्वक त्यसबाट बाहिर निस्कनु नै सबैभन्दा राम्रो उपाय हो । त्यसको लागि सबैभन्दा पहिले रेष्टुरेन्ट मालिकसँग कुरा गर्ने, त्यसबाट पनि भएन भने प्रहरीमा उजुरी गर्ने वा यससम्बन्धी काम गर्ने संघ-संस्थाको सहयोग लिने ।

रेष्टुरेन्टमा काम गर्दागर्दै त्यहीं भेटिएको अर्को व्यक्तिले वैदेशिक रोजगारीमा पठाउँछु वा यस्तै अर्को मनोरञ्जन क्षेत्रको रेष्टुरेन्टमा काम लगाइदिन्छु भने पनि त्यसलाई पत्याएर पछि लाग्नु हुँदैन । मनोरञ्जन क्षेत्रका रेष्टुरेन्टहरूले ग्राहकलाई कला र सङ्गीतबाट मनोरञ्जन दिनुका साथै धेरै युवाहरूलाई रोजगारी पनि उपलब्ध गराउँदै आइरहेको छ । रेष्टुरेन्ट व्यवसायी संघमा हाल करिब ८ लाख मजदुरहरू सूचीकृत छन् । त्यसमा मनोरञ्जन क्षेत्रका श्रमिकहरूको संख्या नतोकिए पनि यसको संख्या पनि लाखको हाराहारीमा रहेको अनुमान गर्न सकिन्छ ।

त्यसैले विकृति छ भन्दैमा यो व्यवसायमाथि प्रतिबन्धै लगाउनु पनि उचित हुँदैन । बरु यसमा आवश्यक सुधार गरी मर्यादित व्यवसाय बनाउनु आवश्यक छ । यसका लागि राज्यले आवश्यक कानून, नीति, नियमावलीहरू तर्जुमा गरी कडा रुपमा लागू गर्नुपर्छ ।

साथै व्यवसायीहरूले आफ्नै संस्थामा काम गर्ने मजदुरहरूलाई अमर्यादित, अपमान हुने खालको क्रियाकलाप नगर्ने, नगराउने भनी सामूहिक निर्णय गरी पालना गर्न सके आफ्नो व्यवसायकै मर्यादा बढ्छ भन्ने बुझ्न जरुरी छ । मनोरञ्जन क्षेत्रको एउटा रेष्टुरेन्टमा क्यासियरका रुपमा काम गर्ने एक युवाका अनुसार पुरुषहरू नै पनि अहिले डान्सबार, गजल, दोहरी रेष्टुराँमा काम गर्छु भनी कसैलाई गौरवपूर्वक भन्रुन सक्ने अवस्था छैन । बैंकमा काम गर्ने कर्मचारीले म बैंकमा काम गर्छु भनी सगर्व भनेझैं, शिक्षकले म शिक्षक हुँ भनी सगर्व भनेझैं दोहोरी, डान्स रेष्टुरेन्टमा काम गर्ने महिला र पुरुष मजदुरहरूले पनि म दोहोरी रेष्टुरेन्टमा काम गर्छु वा म डान्स रेष्टुरेन्टमा काम गर्छु भनी गर्वसाथ भन्न सक्ने दिन आयो भने यो क्षेत्रको मर्यादा उच्च हुने आशा मजदुरहरूले लिएका छन् ।

(यो लेख अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी)मार्फत् अमेरिकी जनताको र संयुक्त अधिराज्यको युके एडमार्फत् बेलायती जनताको सहयोगका कारण सम्भव भएको हो । यस लेखभित्रका विषयवस्तु र सामग्री लेखकको एकल जिम्मेवारी हुन् र तिनले यूएसएआईडी वा अमेरिकी सरकारको वा युके एड वा संयुक्त अधिराज्य सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।) *-साभार: इकागज*

# अर्थतन्त्रमाथि सरकार सिर्जित संकट



रमेश कुमार

अर्थतन्त्रको बाह्य क्षेत्र सन्तुलन डगमगाएका बेला मौद्रिक र आर्थिक स्थायित्व कायम राख्ने जिम्मेवारी भएको नेपाल राष्ट्र ब्यांकका गभर्नर महाप्रसाद अधिकारीलाई पदबाट हटाउने उद्धेश्यले सरकारले अविवेकी अश्त्र चलायो । यस्तो बेला अधिकारीलाई पदमुक्त गरिने प्रकृया शुरु गरिएको छ, जतिबेला देश इतिहासकै कठिन मध्येको एक आर्थिक अत्याससँग जुधिरहेको छ । गभर्नर अधिकारीमाथि जाँचबुझ गर्न सरकारले तीन मुख्य आरोप लगाएको छ, कार्य क्षमताको अभाव, देशको ब्यांकिङ र वित्तीय व्यवस्थामा हानी नोक्सानी पुर्याएको तथा राष्ट्र बैंकको कामकारबाहीमा बदनियत राखेको । सरकारले लगाएका यी तिनै यस्ता कच्चा आत्मपरक आरोप हुन्, जसलाई वस्तुनिष्ठता र प्रमाणको कसीमा घोटेर पुष्टि गर्न सजिलो हुनेछैन । प्रकारान्तरले गभर्नरमाथि सरकारले ताकेको निशाना ऊतिरै फर्किने जोखिम छ ।

पूर्ववर्ती केपी ओली सरकारका पालामा गभर्नरमा नियुक्त अधिकारी प्रमुख प्रतिपक्ष दल एमाले निकट भएको छिपेको थिएन । राजनीतिक धुवीकरण उत्कर्षमा पुगेका बेला वर्तमान सरकार बनेदेखि अर्थमन्त्री जनार्दन शर्माको अधिकारीसँगको दूरि फराकिलो हुन थालेको थियो । गभर्नरले सरकारको समर्थनलाई अनुमोदन नगरेको र अरु मातहतका निकायले जसरी नटेरेको दृष्टिदोषले अर्थमन्त्री शर्मालाई पूर्वाग्रह र अविवेकको अन्धकारमा थप धकेल्दै लग्यो । जसै अर्थतन्त्रको जग हल्लिन शुरु गर्यो, सार्वजनिक आलोचनाको तिरले विक्षिप्त भएका अर्थमन्त्री शर्माले गभर्नर अधिकारीलाई बहिगर्मनको बाटो देखाउने उपाय खोज्न गुप्त-मन्त्रणा शुरु गरे ।

आफूले गरेको निर्णयको लामो कालसम्म पर्नसक्ने दुष्परिणामको अन्तर्चेत कमजोर भएका प्रधानमन्त्री शेरबहादुर देउवाले अर्थमन्त्री शर्माको अविवेकी प्रस्तावलाई अनुमोदन गरेपछि अधिकारी निलम्बनमा परे। आवरणमा जे कारण देखाएपनि गभर्नर अधिकारी वर्तमान सरकारको राजनीतिक प्रतिशोधको निशानामा परेको बुझ्न कठिन छैन । मुलुकको अर्थतन्त्रले तीन मुख्य चुनौति एकैपटक बेहोरिरहेको छ, विदेशी मुद्राको सञ्चितीमा परेको चाप, ब्यांकिङ क्षेत्रमा लगानीयोग्य रकमको अभाव तथा चढ्दो उपभोक्ता मूल्यवृद्धि । यसमध्ये पनि, तीव्र गतिमा क्षयीकरण भइरहेको विदेशी मुद्राको सञ्चितीले सरकारलाई अत्यासमा पारेको छ । तर, यो बुझ्नुपर्छ-वर्तमान सरकारले समातेको गलत-नीतिको परिणामका रुपमा मात्र वर्तमानको संकट सिर्जना भएको होइन्, अर्थतन्त्रको लामो संरचनागत समस्याको सञ्चयका रुपमा प्रकट हुनपुगेको हो । रेमिटेन्सबाट प्राप्त आयले विदेशबाट मालमत्ता मगाएर गरिने उपभोग, त्यही आयातमा आधारित राजस्व संकलन तथा खर्चको प्रणाली नेपालको अर्थतन्त्रको मुल चरित्र बन्दै आएको छ । देशको आम्दानीको स्रोत सीमित तर खर्चमा बाहिरिने रकमको परिणाम ह्वात्तै बढेपछि कोभिड-१९ महामारीको संकटमोचन पश्चात् नै अर्थतन्त्रको बाह्य सन्तुलन हल्लिन शुरु गरिसकेको थियो । गत साउनयता यो थप उत्कर्षतिर गएको हो ।

विदेशी विनिमयको सञ्चितीको क्षयीकरण र ब्यांकिङ क्षेत्रमा लगानीयोग्य रकम अभावको जरा निसन्देह ब्यांकिङ प्रणालीको अनियन्त्रित ऋण प्रवाहसँग जोडिन्छ । ब्यांक तथा वित्तीय संस्थाले प्रवाह गरेको ऋणले अधिक मौद्रिकरण गर्दै सामर्थ्यभन्दा बढीको आयातलाई प्रवर्द्धन तथा घरजग्गा जस्ता सम्पत्तिको अत्यधिक मूल्य बढाउने दुष्परिणाम नीति निर्माताहरूले कम ध्यान दिएको कुरुप यथार्थ हो । विगत चार दशकमा ब्यांक तथा वित्तीय संस्थाको कर्जा प्रवाह हरेक वर्ष औसतमा झण्डै २० प्रतिशत जतिले बढ्दा आर्थिक वृद्धिदर वर्षेनी औसतमा ४.५ प्रतिशतमा सीमित रहनुले ब्यांकको ऋण अर्थतन्त्रको उत्पादनशील क्षमता बढाउनका लागि उपयोग नभएको संकेत गर्छ ।

गत वर्ष यता अनियन्त्रित ऋणको प्रवाहलाई बेलैमा बन्देज लगाउन चुकेको दोष गभर्नर अधिकारीमाथि लगाउन सकिन्छ, तर धेरै राजस्व संकलन र खर्च तथा उच्च आर्थिक वृद्धिको ध्याउन्न बोकेको सरकार आफैं पनि यस्तो प्रवृत्तिमा रोक लगाउने पक्षमा उभिएन । बरु, उच्च आयातलाई आर्थिक क्रियाकलाप पुनर्चलायमान भएको भाष्य सिर्जना गरेर ७ प्रतिशतको आर्थिक वृद्धिको बिस्कुन फिँजाएर बसे । जब बेला घर्किंदै गयो, सबै एकैपटक झसंग हुनपुगे । अर्थतन्त्रको सवारी नियन्त्रण गर्ने जिम्मा अर्थ मन्त्रालयमा हुन्छ, गभर्नरमा होइन् । त्यसैले, यदि अर्थतन्त्रमा संकट निम्तिएको हो भने गभर्नरमाथि दोष पन्छाएर अर्थमन्त्री उम्किने अवसर हुनुहुँदैन, असफलताको मुख्य जिम्मेवार अर्थमन्त्री स्वयं हुन् । यदि उच्च आयातले अर्थतन्त्रलाई संकटमा धकेलेको हो भने, बेलैमा त्यसलाई नियन्त्रण गर्न नीतिगत औजार चलाउने जिम्मेवारी अर्थ मन्त्रालयको हो ।

अर्थमन्त्री शर्माले गभर्नर अधिकारीलाई मुछेर नैतिकता र पारदर्शिताको प्रश्न उठाएका छन् । राष्ट्र ब्यांकका एक सञ्चालक सुवोधकुमार कर्णले एक ख्यातनामा व्यवसायीसँग ३० हजार डलर घुस मागेको प्रमाण मोबाइलमा राखेर अर्थमन्त्रीले त्यो प्रकरणमा गभर्नर अधिकारीलाई पनि मुछ्न खोजेका छन् । कर्णको बदिनयतका विषयमा गभर्नर अधिकारीलाई जानकारी दिइए पनि अधिकारीले कारबाही नगरेको अर्थमन्त्रीको तर्क बुझिन्छ । तर, के बिर्सन मिल्दैन भने, नेपाल राष्ट्र बैंक ऐन २०५८ ले सञ्चालक समिति सदस्यलाई कारबाहीको अधिकार गभर्नरलाई दिएको छैन । उक्त ऐनको दफा २२ ले प्रष्ट रुपमा कानुन बमोजिमका कुनै अयोग्य सञ्चालकलाई पदमुक्त गर्ने अधिकार नेपाल सरकार मन्त्रीपरिषद्लाई सुम्पिएको छ ।

अर्थमन्त्री शर्मा र प्रधानमन्त्री देउवा दुबै जानकार रहेको यो प्रकरणमा प्रथम दृष्टिमै दोषी कर्णमाथि कारबाहीको प्रकृया शुरु नगरी गभर्नर अधिकारीलाई उक्त प्रकरणमा मुछ्नुको अन्तर्य नियोजित र सन्देहास्पद छ । बरु, गभर्नर अधिकारीले त कर्णलाई सञ्चालक समिति वैठकमा नआउन र राजीनामा दिन दबाव नै दिएका थिए । त्यसमाथि, निलम्बित गभर्नर अधिकारीमाथि जाँचबुझ गर्न बनाइएको न्यायिक समितिको अध्यक्ष नै अर्थ मन्त्री शर्माको नातेदार हुनुले समितिले निष्पक्ष र विवेकसम्मत छानबिन गर्ने सम्भावनामा सन्देहको सिर्जना भएको छ ।

सार्वजनिक संस्थाहरुको क्षयीकरणका बीच तुलनात्मक रुपमा बलियो नियमनकारी सामर्थ्य, धेरै हदसम्म राजनीतिक रुपमा अक्ष्युण तथा पर्याप्त काबिल र सक्षम अधिकारी रहेको संस्थाका रुपमा राष्ट्र ब्यांकले परिचय पाउँदै आएको हो । केन्द्रीय बैंकहरू सरकारको सामान्यतया: सोझो हस्तक्षेप मुक्त हुने अन्यत्रको अभ्यास हेरैरै राष्ट्र ब्यांक ऐनले 'अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र स्वायत्त संगठित संस्था' को परिकल्पना गरेको हो । नेपाल जस्तो तीव्र रुपमा दलीय रुपमा धुव्रीकृत समाजमा केन्द्रीय ब्यांकका कामकारबाहीमा राजनीतिक स्वार्थको छाँया छुँदै थिएन भन्नु झुटो हुन्छ, तर कम्तीमा यो राजनीतिक अस्थिरताको शिकार बनेको थिएन । संस्थाको क्षमता सुदृढीकरण तथा नियामक अधिकारीहरूको आत्मविश्वास तथा मनोबल बलियो बनाउन यसले भूमिका खेलेको थियो । सरकारले केन्द्रीय ब्यांकको गभर्नरमाथि चलाएको कारबाहीको अश्त्रले अर्थतन्त्रको संकट मोचन होइन्, थप अनिश्चय र विश्रृंखलता निम्त्याउँछ । अर्थतन्त्र असाधारण कठिन मोडमा पुगेका बेला देशको आर्थिक र वित्तीय स्थायित्व कायम राख्न भूमिका खेल्ने केन्द्रीय ब्यांकमा गहिरो नेतृत्व रिक्तता सिर्जना हुनपुग्दा यो संस्था अकर्मण्य र तदर्थमा सीमित हुनसक्ने जोखिम हुन्छ ।

संकटका घडीमा काँध थाप्नुपर्ने निकाय नेतृत्वविहीन हुँदा अस्थिरता र अन्यौलता थप गहिरिन्छ । निलम्बित गभर्नर अधिकारीका विषयमा छानबिन गरेर प्रतिवेदन दिनै समितिले कम्तीमा एक महीना लगाउनसक्छ । सरकारको कामका विषयमा अदालतमा न्यायिक प्रश्न उठेमा त विषय झन् गोलचक्करमा पर्नेछ र नयाँ गभर्नर नियुक्तिको प्रकृया लम्बिदैं जाने सम्भावना हुन्छ । असाधारण समयमा धारिलो र विवेकसम्मत् निर्णय गर्न नेतृत्व बलियो र आँटिलो निर्णय क्षमता भएको चाहिन्छ । अघिल्लो सरकारले राष्ट्र ब्यांकको दुबै डेपुटी-गभर्नर चयन गर्दा अर्थशास्त्रको ज्ञान र कार्यसम्पादनमा अब्बल ठहरिएका काबिल, क्षमतावान कार्यकारी निर्देशकहरूलाई पन्छाएको थियो ।

तत्कालिन प्रधानमन्त्री ओलीको गृह जिल्ला मोह हावी हुनपुग्दा दुबै डेपुटी गभर्नर झापाबाटै रोजिएका थिए । त्यसमाथि, राष्ट्र बैंकको सञ्चालक समिति पनि आगामी सातादेखि रित्तिदै जानेछ । गभर्नर अधिकारीमाथिको कारबाहीसँगै सात सदस्यीय सञ्चालक समिति ६ जनामा सीमित भएको छ । आगामी शुक्रबारदेखि सञ्चालक समितिका थप दुई सदस्य श्रीराम पौडेल र रामजी रेग्मी पनि पाँच वर्षे कार्यकाल पूरा गरेर विदा हुँदैछन् । व्यवसायीसँग बार्गेनिङ गरेको आरोप लागेका सञ्चालक सुवोधकुमार कर्ण सञ्चालक समिति वैठकमा अनुपस्थित हुँदै आएका छन् । यो स्थितिमा केन्द्रीय बैंकको नीतिगत निर्णय गर्ने सञ्चालक समिति तीन सदस्यमा सीमित हुनसक्ने जोखिम छ ।

कठिन समयमा केन्द्रीय ब्यांकका गभर्नर चलाएर सरकारले जुन अस्थिरता सिर्जना गर्न खोजेको छ, त्यसले सरकार अर्थतन्त्रको संवेदनशीलताप्रति गम्भीर छैन भन्ने सन्देश दिएको छ । यस्तो घातक खेलाँचीले अर्थतन्त्रको विद्यमान चुनौतिलाई थप पेचिलो बनाउँदै लैजाने छ । सरकारले अर्थतन्त्रका समस्या समाधानका लागि बलियो इच्छा शक्तिसहित प्रयत्न गर्न अकमर्ण्य मात्रै देखिदैन, सरकारका आर्थिक नीतिहरु समेत असंगतिपूर्ण पनि छन् ।

-साभार: हिमालखबर

# मलाई हिन्दी फिल्म गर्न आवश्यक छैन : महेश बाबू



एजेन्सी/अहिले
बलिउडका लागि साउथ फिल्म चट्टानी पहाड बनेर खडा भएको छ । एसएस राजामौली निर्देशित फिल्म 'बाहुबली'बाट पेन इन्डिया फिल्मप्रति क्रेज चुलिएको थियो । 'केजीएफ', 'पुष्पा', 'आरआरआर' जस्ता फिल्मले बलिउडमा साउथको दबदबा थप बढायो । साउथ फिल्मको बढ्दो क्रेजलाई मध्यनजर गर्दै बलिउड कलाकारले समेत साउथ फिल्ममा अभिनय गर्न थालेका छन् ।

साउथ स्टारहरु पनि बलिउड फिल्ममा काम गर्ने तयारीमा छन् । लामो समयदेखि साउथ सुपरस्टार महेश बाबूले बलिउडमा डेब्यू गर्न लागेको चर्चा चलिरहेको छ । उनलाई केही हिन्दी फिल्मबाट अफर पनि गरिएको छ । तर, हालै एक अन्तर्वार्तामा उनले आफूलाई हिन्दी फिल्ममा काम गर्न आवश्यक नभएको बताएका छन् । आफू तेलुगु फिल्ममा मात्र काम गर्ने उनको भनाई छ । महेशले हलिउड फिल्ममा काम गर्न लागेको चर्चालाई पनि खण्डन गरेका छन् । उनले अहिलेसम्म आफू कुनै हलिउड फिल्ममा आबद्ध नभएको स्पष्ट पारेका छन् । मे १२ मा रिलिज हुन लागेको फिल्म 'सरकारू वारी पाटा'मा देखिने तयारीमा रहेका महेश बाबुले नयाँ फिल्म एसएस राजामौलीसँग गर्दैछन् । उनी पहिलो पटक राजामौलीसँग काम गर्नका लागि उत्साहित देखिएका छन् ।

# "सी" डिभिजन लिग १० दिन पछि सर्यो

काठमाडौं- अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजना मंगलबार सुरु हुने भनिएको सहिद स्मारक 'सी' डिभिजन लिग १० दिनपछि सरेको छ ।

१४ क्लबको सहमगितामा चैत २९ गतेबाट हुने भनिएको लिग प्राविधिक कारणवश २०७९ वैशाख ९ गतेबाट सञ्चालन हुने एन्फा महासचिव इन्द्रमान तुलाधरले सोमबार जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

योसँगै २०७८ मा 'सी' डिभिजन लिग आयोजना नहुने भएको छ । 'सी' डिभिजन लिगबाट शीर्ष २ टोली 'बी' डिभिजनमा बढुवा हुनेछन् । यो वर्षका 'ए' र 'बी' डिभिजन लिग भने सम्पन्न भइसकेका छन् ।


आइबार मात्र 'बी' डिभिजन लिग सम्पन्न भएको थियो । जसमा चर्च ब्वाइज युथ क्लब विजेता र खुमलटार युथ क्लब उपविजेताका रुपमा 'ए' डिभिजन लिगमा बढुवा भएका थिए । सामाजिक युथ क्लब र झम्सिखेल युथ क्लब 'सी' डिभिजनमा घटुवा भएका छन् । फागुनमा सम्पन्न 'ए' डिभिजन लिग मछिन्द्र फुटबल क्लबले जितेको थियो । च्यासल युथ क्लब र ब्रिगेड ब्वाइज युथ क्लब 'बी' डिभिजनमा घटुवा भएका थिए ।

'सी' लिग खेल्ने क्रममा खालीबारी युवा फुटबल क्लब, मनोहरा एकिकृत युवा क्लब, समाज कल्याण खेलकुद क्लब, महावीर स्टडिज एण्ड एसोसिएसन, प्लानिङ ब्वाइज युनाइटेड, वीरगन्ज युथ एकेडेमी, झापा फुटबल क्लब छन् ।

त्यस्तै पुल्चोक स्पोर्टस क्लब, स्पोर्टस ऐकेडेमी साँगा, सानेपा क्लब, आरसी ३२ फुटबल एकेडेमी, रानीवन स्पोर्टस क्लब, ओसिस क्लब र स्वयम्भु क्लबले 'सी' डिभिजनमा प्रतिस्पर्धा गर्नेछन ।

-साभार: हाम्रो खेलकुद

# मेलम्चीको सातौं उद्घाटन : प्रधानमन्त्री देउवा सहभागी हुने



काठमाडौं/मेलम्ची
खानेपानी आयोजनाको मूल सुरुङमा भोलि मंगलबारदेखि पानी पठाउन सुरु गरिने भएको छ । मेलम्चीको अम्बाथानस्थित हेडवर्क्समा हुने 'मेलम्चीको पानी पुन: पथान्तरण कार्यक्रम'मा सहभागी हुन प्रधानमन्त्री शेरबहादुर देउवा आफैं जाने कार्यक्रम छ ।

सुन्दरीजलमा कृष्णप्रसाद भट्टराईको पूर्ण कदको शालिक शिलान्यास कार्यक्रम सहभागी भएर देउवा मेलम्चीको पुन: पथान्तरणको शुभारम्भ गर्न अम्बाथान जाने छन् । अहिलेसम्म पथान्तरणको औपचारिक सुरुआत र विभिन्न चरणमा भएका उद्घाटन जोड्ने हो भने यो मेलम्चीको सातौं औपचारिक उद्घाटन हुनेछ ।

२१ असार २०७७ मा पहिलोपटक मेलम्चीको पानी पथान्तरण भएको थियो । सिन्धुपाल्चोकमा तत्कालीन प्रमुख जिल्ला अधिकारीसहितको उपस्थितिमा औपचारिक कार्यक्रम र तत्कालीन खानेपानीमन्त्री बिना मगरले काठमाडौंमा पत्रकार सम्मेलन गरेर यसको शुभारम्भ गरेकी थिइन् । तर, एक हप्तामै मेलम्चीको अडिट सुरुङको गेट भत्किएर दुर्घटना भएपछि मर्मतमा करिब ८ महिना लाग्यो । १० फागुनमा तत्कालीन खानेपानीमन्त्री मणिचन्द्र थापा र शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरले मेलम्चीको मुहानमै पुगेर सुरुङमा पुन: पानी पथान्तरणको शुभारम्भ गरेका थिए ।

२२ फागुनमा सुन्दरीजलमा आइपुगेको पानीलाई तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले गेट खोलेर बाग्मती नदीमा पठाउँदै काठमाडौंमा मेलम्चीको पानी आइपुगेको घोषणा गरेका थिए । उद्घाटनको हतारोमा सरकारले त्यतिबेला सुरुङ खाली गरेर गर्नुपर्ने सुपरीवेक्षण र सुधारको काम नगरी पानी वितरण थालेको थियो । १५ चैत २०७७ मा महाँकालमा रहेको पानी पोखरीमा औपचारिक कार्यक्रम गर्दै काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल)ले मेलम्चीको पानी वितरण सुरु गरेको थियो ।

त्यसको एक हप्तापछि २३ चैत २०७७ मा काठमाडौंको भृकुटीमण्डपमा राष्ट्रपति विद्यादेवी भण्डारीले मेलम्ची आयोजनाको पानी वितरण कार्यको समुद्घाटन गरेकी थिइन् । तर, हेडवर्क्सको निर्माण नसकिँदै गत १ असारमा आएको बाढीले आयोजनाको मुहान क्षेत्र तहसनहस पार्‍यो । अस्थायी बाँध बनाइसकेपछि गत १९ चैतमा खानेपानीमन्त्री उमाकान्त चौधरी मेलम्चीको महानमा पुगेर डाइभर्सन सुरुङमा पानी भर्ने कार्यको शुभारम्भ गरेका थिए ।

सातौं पटक उद्घाटन-शुभारम्भ हुन लागेको मेलम्ची आयोजनाको काम भने अझै पनि सकिएको छैन । निर्माणाधीन अवस्थामै पुरिएको पानी फिल्टर गर्ने संयन्त्र काम लाग्ने अवस्थामा छन् कि छैनन् भन्ने टुंगो छैन । तर, मेलम्चीको राजनीतिक जस लिने होडबाजीमा ओलीकै शैलीमा देउबा पनि अघि बढेका छन् । निर्वाचन आचारसंहिता जारी भएपछि कुनै नयाँ कार्यक्रम गर्न, नियुक्ती गर्न, उदघाटन गर्न सरकारले निर्वाचन आयोगको अनुमति लिनुपर्छ । तर आयोग स्रोतका अनुसार, यो समाचार तयार पार्दासम्म सरकारले मलेम्ची आयोजनाको उदघाटनवारे कुनै जानकारी वा अनुमति मागेको छैन ।

'अहिलेसम्म सरकारको तर्फबाट कुनै पनि उदघाटनका लागि अनुमति माग भएको पत्र आएको छैन', आयोग स्रोतले भन्यो, 'पत्र आएपछि त्यसको अध्ययन गरेर अनुमति दिनु पर्ने हो कि नपर्ने ? टुंगो लगाउँछौं ।' तर औपचारिक जानकारी वा उजुरी नआएसम्म उद्घाटन पहिले हस्तक्षेप नगर्ने आयोगका अधिकारीहरु बताउँछन् । -साभार: अनलाईनखबर

# अर्थतन्त्रका समष्टिगत परिसूचक सामान्य : अर्थमन्त्री



काठमाडौं/अर्थमन्त्री जनार्दन शर्माले अर्थतन्त्रका समष्टिगत सामान्य रहेको दाबी गरेका छन् । बाह्य क्षेत्रमा केही दबाब हुनुबाहेक अर्थतन्त्रका अन्य परिसूचकहरू सामान्य रहेको अर्थमन्त्री शर्माले बताएका हुन् ।

देशको वर्तमान आर्थिक अवस्थाबारे जानकारी दिन भन्दै अर्थमन्त्रीले अहिले सिंहदरबारस्थित मन्त्रालयको सभाहलमा पत्रकार सम्मेलन गरिरहेका छन् ।

पत्रकार सम्मेलनमा मन्त्री शर्माले वाह्य क्षेत्रमा देखिएको दबाब समाधान गर्न आयात व्यवस्थापन र विदेशी विनिमय सञ्चितिलाई बढावा दिनेगरी कदम चालिएको बताएका छन् । गत आर्थिक वर्षमा कोरोना महामारीलगायत कारणले लक्ष्यअनुसार आर्थिक वृद्धि हासिल नभएपनि चालू आर्थिक वर्षमा वृद्धिदरमा सकारात्मक प्रभाव पर्ने देखिएको अर्थमन्त्रीले दाबी गरेका छन् । सरकारले चालू आर्थिक वर्षमा ७ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको छ ।

कोरोना महामारीका कारण प्रभावित आर्थिक गतिविधि सामान्यीकरण हुँदै गएको, २०७६ फागुनको तुलनामा २०७८ कात्तिक महिनामा करिब ९८ प्रतिशत उद्योग/व्यवसाय सञ्चालनमा आएको, उद्योग दर्ता र प्रत्यक्ष वैदेशिक रोजगारीमा पनि सुधार हुँदै गएको अर्थमन्त्रीले उल्लेख गरेका छन् । यसका कारण पनि आर्थिक वृद्धिदरमा सकारात्मक प्रभाव पर्ने उनले बताएका हुन् ।

-साभार: रातोपाटी

# तीन दिने 'फारवेष्ट ट्राभल मार्ट' सम्पन्न




काठमाडौं/सुदूरपश्चिम प्रदेशको पर्यटन प्रवर्धन गर्ने उद्देश्यले चैत्र २५ गते शुक्रबारदेखि सुरू भएको तीन दिने 'फारवेष्ट ट्राभल मार्ट २०२२' धनगढीमा सम्पन्न भएको छ ।

नेपाल पर्यटन बोर्डको प्रवर्धन तथा धनगढी उपमहानगर पालिका र नेपाल एसोसिएशन अफ टुर एन्ड ट्राभल एजेन्टस् (नाटा) सुदूरपश्चिम प्रदेशको आयोजनामा मार्ट सम्पन्न भएको हो ।

नेपालका विभिन्न प्रदेशका पर्यटन व्यवसायीहरूको व्यवसायिक गतिविधिहरूको विकास, विस्तार र अन्तर्राष्ट्रिय स्रोत-बजारका टुर अपरेटरहरूसँग व्यवसायिक सम्बन्ध स्थापित गर्न प्रत्येक प्रदेशमा 'प्रादेशिक ट्राभल मार्ट' को आयोजना गर्ने नेपाल पर्यटन बोर्डको कार्यक्रम अनुरुप मार्ट आयोजना गरिएको हो ।

मार्टमा सिमावर्ती भारतीय शहरहरू नैनीताल, देहरादुन लखिमपुर, बरेली, रुद्रपुर, र भारतको राजधानी दिल्लीबाट करिब ६० जना टुर अपरेटरहरूलाई क्रेताको रुपमा सहभागी गराई प्रदेशका टुर अपरेटर, होटल व्यवसायी तथा पर्यटन सेवा प्रदायकहरू बीच यस क्षेत्रका टुर प्याकेजहरू बिक्री प्रवर्धन गर्ने विषयमा व्यवसायिक अन्तरक्रिया बिटुबी सम्पन्न भएको थियो ।

यस्तै, मार्टमा सातै प्रदेशका पर्यटकीय आकर्षणहरू झल्किने पेभिलियन, नौवटा जिल्लाका स्टलका साथै टुर अपरेटर, होटेल व्यवसायी तथा पर्यटन सेवा प्रदायक संस्थाहरूका आकर्षक स्टलहरू थिए । कार्यक्रममा आन्तरिक पर्यटन प्रवर्धनका लागि सातै प्रदेशका पर्यटन व्यवसायी प्रतिनिधिहरू बीच टुर प्याकेजहरूको आदान प्रदान भएको छ । मार्टकै अवसरमा टुर अपरेटरहरूलाई यस क्षेत्रका कर्णाली, शुक्लाफाँट राष्ट्रिय निकुञ्ज लगायतका क्षेत्रहरूको अवलोकन भ्रमण गराइएको थियो ।

काठमाण्डौं, लुम्बिनी र चितवन केन्द्रित नेपालको पर्यटन बजारलाई विकेन्द्रीत गर्दै सबै क्षेत्रमा पर्यटनको पहुँच र विस्तार गर्ने सोचका साथ पर्यटनले देशका विभिन्न भागमा मार्टको आयोजना गरेको र यस्ता मेला र मार्टले क्रसबोर्डर पर्यटनलाई थप प्रवर्धन गर्ने नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख (सिइओ) डा. धनन्जय रेग्मीले बताए ।

'कोभिडले थलिएको पर्यटनलाई पुनर्जिवित गर्न तथा नेपालको सीमामा भएको ठूलो भारतीय जनसंख्यालाई नेपालमा आर्कषित गर्न यस्ता मार्ट सहयोगी हुने हाम्रो अपेक्षा हो । नेपालजञ्ज, धरान र धनगढीमा सम्पन्न यी मेलामा भारतीय व्यवसायीहरूको सहभागिताले नेपालमा भारतीय पर्यटकहरूको आगमन बढ्ने विश्वास लिएका छौं,' उनले भने । सिइओ रेग्मीले नेपालका विभिन्न प्रदेशमा भएका यी मार्टले अन्तर प्रदेश तथा आन्तरिक पर्यटन प्रवर्धनमा समेत ठूलो भूमिका खेल्ने बताए ।

सुदुरपश्चिम प्रदेशमा पर्यटनको अथाहा सम्भावना रहेको अवस्थामा यस क्षेत्रको पर्यटन प्रवर्धनका लागि मेला फलदायी भएको बोर्डका वरिष्ठ निर्देशक हिक्मत सिंह ऐरले जानकारी दिए । पर्यटकीय स्थलमा बाह्य पर्यटकलाई आकर्षित गर्न मार्ट सफल भएको नाटा फार वेष्टका अध्यक्ष तथा मार्ट संयोजक माया प्रकाश भट्टले प्रतिक्रिया दिए । मार्टको चैत्र २५ गते संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम बहादुर आलले उद्घाटन गरेका थिए ।

-साभार: सेतोपाटी

## श्री मालपोत कार्यालय मकवानपुरबाट

## मिति २०७८/१२/२२ मा जारी भएको नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक- चन्द्र बहादर राना (छोरा)    ज.ध:- विर बहादुर सारु राना (बाबु)

यसमा जिल्ला मकवानपुर साविक धोरसिंग गाविस वडा नंवर ९ को कि.नं. ९४, ९७, ९९, १०४, ११३, ११८, १२२, २०४, २०८, २०९, २१४ र ३४३ को जग्गाधनी तथा आफ्नो बाबु विर बहादुर सारु रानाको मिति २०४९/०१/०३ मा मृत्यु भएको, निज जग्गाधनीको एकमात्र पत्नी माहिली राना मगरको पनि मिति २०५७/०२/१३ मा मृत्यू भएको, निज जग्गाधनीर निजको पत्नीको दाम्पत्य जिवनबाट एकमात्र छोरा म निवेदक चन्द्र बहादुर राना मात्र भएकोमा उल्लेखित जग्गा मध्ये मेरो बाबुको हकहिस्सा मेरो नाममा एकलौटी नामसारी गराई पाउँ भनी निवेदकले भीमफेदी गाउँपालिका ४ नंवर वडा कार्यालयको च.नं. ६०९ मित २०७८/१२/१४ को सिफारिस, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित, समेत संलग्न राखी द.नं. १२१५८ मिति २०७८/१२/१५ मा मागदावी निवेदन पेश गर्नु भई सनाखत समेत गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनीको मृत्यू भएको, निजको पत्नीको पनी मृत्यूभएको, निज जग्गाधनी र निजको पत्नीको दाम्पत्य जिवनबाट एकमात्र छोराको जायजन्म भएको देखिएकोमा निज निवेदकको बाबुको नाम निजको नागरिकता प्रमाणपत्रमा विर बहादुर राना मगर भएको तर श्रेस्ता पुर्जामा विर मगर भएको, जग्गाधनीको बाबुको नाम मृत्यू दर्ता र श्रेस्ता पुर्जामा फरक फरक देखिएकोले फरक नाम भएको सम्बन्धमा,जग्गाधनीको हकदारहरु, पालन पोषण र सदगदको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेतप्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्ने भनीभएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निवेदकको मागदावी सत्य नभई झुठा भए वा जग्गाधनीको पालन पोषण र सदगद निवेदकले नगरेको भए वा उल्लेखितजग्गाको निवेदकले मागदावी गरेको भन्दा अन्य हकदारहरु पनि भएमा वा निवेदकको नाममा नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारीहुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले तीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

ईति संवत २०७८ साल चैत्र महिनाको २२ गते रोज ३ शुभम.....

# न्यू डायमण्डकी झरनाले अब भलिबल नखेल्ने



काठमाडौं- महिला राष्ट्रिय टोलीको प्रारम्भिक चरणको प्रशिक्षणमा परिसकेकी घरेलु भलिबलको चर्चित होङ्गान्जी न्यु डायमन्ड स्पोर्ट्स क्लबकी झरना श्रेष्ठले अब भलिबल नखेल्ने निर्णय गरेकी छिन् ।

पछिल्लो समय उदियमान खेलाडीको रुपमा रहेकी उनले पारिवारिक कारण देखाउँदै अब देखि भलिबल नखेल्ने निर्णयमा पुगेको हाम्रो खेलकुदलाई जानकारी गराइन् । 'पारिवारिक कारणले नै भलिबल छाड्न लागेकी हु ।

आफूलाई मन पर्ने खेल चटक्कै छोड्ने निर्णय गर्दा असहज महसुस भइरहेको छ' झरनाले भनिन्,' वैशाखमा हुने भनिएको एनभिए खेलेर छाड्ने मनस्थिति बनाएकी थिए । तर, पारिवारिक कारण त्यसलाई पूरा गर्न सकिन । विदेश जाने योजनामा छु । आउने वर्षदिनमा बेलायत गइसक्छु होला । यो बीचको समय परिवारसँगै बिताउनेछु ।'

चितवनमा गत फागुनमा भएको लोक बहादुर पुन स्मृति कप राष्ट्रिय महिला भलिबल प्रतियोगिता नै झरनाको अन्तिम प्रतियोगिता बन्यो । उनले आफ्नो अन्तिम खेलमा डायमन्डलाई च्याम्पियन बनाइन् ।

मोरङ पथरीकी २१ वर्षीय झरना उच्च शिक्षा अध्ययनका क्रममा काठमाडौं आएपछि २०७४ मा काठमाडौंको चन्द्रागिरि नगरपालिका वडा नम्वर १३ मा रहेको न्यु डायमन्ड स्पोर्ट्स क्लबमा आबद्ध भएकी थिइन् । यो ५ वर्षको अवधिमा उनले डायमन्डबाट राष्ट्रिय र विद्यालय स्तरीय गरि दर्जन बढी उपाधि र व्यक्तिगत अवार्ड जितिसकेका छन् । डायमन्ड आउनुअघि झरनाले पथरीबाटै विद्यालय स्तरीय भलिबल खेल्ने गर्थिन् । उनको प्रतिभा देखेर नै डायमन्डले उनलाई टोलीमा समेटेको थियो । राष्ट्रिय स्तरमा विभिन्न व्यक्तिगत अवार्ड जितेकी झरना विद्यालय स्तरमा भने सर्वोत्कृष्ट खेलाडी बनिसकेकी छिन् ।

झरनाले भलिबल नखेल्ने भएपछि न्यु डायमन्डलाई झनै समस्या थपिएको छ । टोलीका महत्वपूर्ण स्पाइकर प्रतिभा माली पछि पछिल्लो समय आृनो पुरानो चोटसँग जुधिरहेकी छिन् । न्यु डायमन्डका प्रशिक्षक कुमार राईले झरनाले भलिबल नखेल्ने निर्णय गर्दा टोलीमा समस्या थपिएको स्वीकार्दै उनको परिपुर्ति हुन केही समय लाग्ने बताए ।

'सेटको खेलाडी हो । उनी टोलीमा हुँदा र नहुँदा कति फरक पर्छ, देखिहाल्नु भएको छ । हामीले पोखरामा भएको टाइगर कप र यसै महिना नेपालगन्जमा भएको प्रधानमन्त्री कपमा नसोचेको हार बेहोर्न पुग्यौं ।

झरना टोलीमा भएको खेलमा हामीले दमक र चितवनमा राष्ट्रिय प्रतियोगिताको उपाधि जित्यौं' प्रशिक्षक राईले भने, 'सेटको एक स्टार खेलाडी नहुँदा कति फरक पर्छ भन्ने यो नै उदाहारण हो ।

हामीले झरनाको विकल्पमा तीन खेलाडीलाई तयार पारिरहेका छौं । सम्भवत आउदो वैशाखमा हुने एनभिए लिगमा उनीहरु तयार भइसक्छन् ।' -साभार: हाम्रो खेलकुद



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# थप २२ जना संक्रमित

काठमाडौं/देशभर थप २२ जनामा कोरोनाभाइरसको संक्रमण पुष्टि भएको छ । ५ हजार १४४ जनाको कोरोना परीक्षण गर्दा पीसीआर विधिबाट २२ मा संक्रमण पुष्टि भएको हो । पछिल्लो २४ घण्टामा थप ४६ जना निको भएका छन् । नेपालमा हाल निको हुने दर ९८.७ प्रतिशत रहेको छ । योसँगै सक्रिय संक्रमितको संख्या ५६८ पुगेको छ ।

पछिल्लो २४ घण्टामा मात्र १५ हजार ३५५ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । नेपालमा हालसम्म ११ हजार ९५१ जनाले कोरोना भाइरसको संक्रमणबाट ज्यान गुमाएका छन् । -रातोपाटीबाट

# अनेरास्ववियुको एक हजार १ सदस्यीय निर्वाचन परिचालन कमिटी

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/नेकपा एमालेनिकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुरले एकहजार एक सदस्यीय निर्वाचन परिचालन कमिटी बनाएको छ । सोमबार भएको जिल्लास्तरीय विद्यार्थी भेला तथा प्रशिक्षण कार्यक्रमबाट अनेरास्ववियु मकवानपुरका अध्यक्ष विशाल पौडेलको नेतृत्वमा स्थानीय तह निर्वाचनलक्षित निर्वाचन परिचालन कमिटी निर्माण भएको हो ।

भेलामा भीमफेदी, मनहरी, मकवानपुरगढी गाउँपालिका तथा हेटौंडाकै विभिन्न क्याम्पसहरुबाट सयौंको संख्यामा विद्यार्थीहरु सहभागी थिए । विद्यार्थीहरुको र्‍यालीसहित हेटौंडा बजार परिक्रमा गर्दै प्रशिक्षण कार्यक्रम भएको हो । विद्यार्थीहरुलाई आसन्न स्थानीय तह निर्वाचनमा नेकपा एमालेका उम्मेदबारहरुलाई बिजयी गराउन आ-आफ्नो क्षेत्रबाट सक्रियरुपमा लाग्न निर्देशन दिइएको अनेरास्ववियु मकवानपुरका सचिव पुष्कर तिमल्सिनाले बताए ।

'मेरो वडा म जिताउँछु, हाम्रो पालिका हामी जिताउँछौं ।' भन्ने नारासहित अनेरास्ववियु मकवानपुरका अध्यक्ष विशाल पौडेलले एक हजार एक सदस्यीय निर्वाचन परिचालन कमिटी गठन गरिएको घोषणा गरेका थिए । बागमती प्रदेशका



पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख अतिथ्यतामा कार्यक्रम भएको थियो । पूर्वमुख्यमन्त्री पौडेलले अनेरास्ववियु र नेकपा एमालेको चुनाव चिन्ह सूर्य अंकित झण्डा अनेरास्ववियु मकवानपुर अध्यक्ष पौडेललाई प्रदान गर्दै निर्वाचन परिचालन कमिटीको उद्घाटन गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमुख्यमन्त्री पौडेलले आगामी ३० वैशाखमा हुने स्थानीय निर्वाचनमा एमालेका उम्मेदवारको बिजय सुनिश्चित भएको दाबी गरेका छन् । पाँच वटा दलले गठबन्धन गरेपनि एमाले एक्लैले धेरै स्थानमा चुनाव जित्ने उनको दाबी छ ।

ज्येष्ठ नागरिक र बालबालिकाको अधिकार र हकहितका नेकपा एमालेले काम गरिरहेको भन्दै उनले एमाले जसरी अन्य पार्टी काम गर्न नसक्ने बताए । 'नेकपा एमालेको सरकार भएपछि मात्रै जनताले सरकार भएको अनुभूति गरेका हुन्छन् । त्यसैले निर्वाचनमा एमालेले नै जित्ने हो । जनताले हामीलाई जिताउँछन्', पौडेलले भने । मुलुकको परिवर्तन, विकास, समृद्ध नेपाल र सुखी नेपालीको गन्तव्यमा पुग्न एमाले रोज्नुको विकल्प नभएको उनको भनाइ छ । पौडेलले आफ्नो घर, समाजमा एमालेलाई जिताउन सक्रिय भूमिका खेल्न विद्यार्थीहरुलाई आग्रह गरे ।

कार्यक्रममा नेकपा एमाले केन्द्रीय सदस्य जुनेली श्रेष्ठ, नेकपा एमाले बागमती प्रदेश उपसचिव महेश बर्तौला, प्रदेश सदस्य रघुनाथ खुलाल, एमाले मकवानपुरका अध्यक्ष एकलाल श्रेष्ठ, जिल्ला सचिव नविन सिग्देल, जिल्ला सचिवालय सदस्यहरु ईश्वर ढुंगाना, सुनिल मोक्तानलगायतको आतिथ्यता थियो ।

# मकवानपुरे गायिका कार्कीको 'रेशम डोरीको' गीत



साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ मकवानपुरे नवगायिका सरु कार्कीको 'रेशम डोरीको' बोलको लोक गीत बजारमा आएको छ ।

बकैया गाउँपालिका घर भएकी गायिका कार्कीको स्वर भरिएको गीतमा राजु विरही सापकोटाले शब्द तथा संगीत दिएका छन् । गीतमा 'आफ्नो मायालुलाई नभेट्दा आउने झल्को'को विषय समेटिएको छ ।

गीतमा गीतकार तथा संगीतकार सापकोटा र निहारिका थापाले अभिनय गरेका छन् । गीतको भिडियोलाई कोरियोग्राफी राजाराम सिम्खडा र निर्देशन मिलन श्रेष्ठले गरेका छन् । म्युजिक भिडियोमा सन्तोष चौलागाईंले छाँयाकन गरेका हुन् भने रोशन धितालको सम्पादन रहेको छ । सानैदेखि गीत संगीत सुन्ने, विद्यालय पढ्दा गीत गाउँने र नाँच्ने कार्यमा रुची राख्ने सरुको लोकदोहोरी गायिका बन्ने चाहाना भने अहिले पूरा भएको छ । '५-६ कक्षा पढ्दादेखि नै मलाई गीत-संगीतमा रुची थियो ।'

गायिका कार्की भन्छिन्, 'ममीले गाउँनु भएको सुनेरै हुर्किएकी मलाई गीत गाउँने हुटहुटी चलिरहन्थ्यो । आज आफ्नो सपना पूरा भएको ठानेकी छु', उनले सुनाइन् । आफ्नो एल्बम सार्वजनिक गर्दा धेरैबाट माया तथा सकारात्मक प्रतिक्रिया पाएको उनले बताइन् ।

# वाणिज्य दिवसमा खाद्यान्न वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ उद्योगी व्यवसायीहरुको संस्था मकवानपुर उद्योग वाणिज्य संघले उद्योग वाणिज्य दिवस २०७८ मनाएको छ ।

हेटौंडाको बसामाडीका दृष्टिविहीन परिवारलाई खाद्यान्न वितरण गरी उद्योग वाणिज्य दिवस मनाइएको हो । एकै परिवारका पाँच सदस्य मध्ये तीन जना सदस्य दृष्टिविहीन रहेकोले परिवारमा आर्थिक समस्या परेको जानकारी आएकोले सहयोग गरिएको संघले जनाएको छ ।

संघका कार्यवाहक अध्यक्ष अनिल अग्रवालको नेतृत्वमा भएको खाद्यान्न वितरण कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका




अध्यक्ष मणिराज गौतम, संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाट, महासचिव दीपक उप्रेती, कोषाध्यक्ष सन्तोषकुमार अर्याल, सचिवद्वय राजाराम कार्की र श्रीकृष्ण कर्माचार्य, महिला उद्यमी विकास समितिका सभापति अंकिता सुमार्गी, कार्यसमिति सदस्यहरु तेजराज अधिकारी, सीता भेटवाल, विशेष आमन्त्रित सदस्य राजेन्द्र लामिछानेको सहभागिता रहेको थियो । नेपालभरका उद्योग वाणिज्य संघहरुले नेपाल उद्योग वाणिज्य महासंघको आव्हान्मा हरेक वर्ष चैत्र २८ गतेको दिन उद्योग वाणिज्य दिवस मनाउने गर्दछन् ।

# जागरण बचतले मनायो २४ औं स्थापना दिवस

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ जागरण बचत तथा ऋण सहकारी संस्थाले विभिन्न कार्यक्रम गरेर २४ औं स्थापना दिवस मनाएको छ ।

संस्थाले अघिल्लो वर्षमा जस्तै यसवर्ष पनि विभिन्न कार्यक्रम गरेर स्थापना दिवस मनाएको हो । संस्थाको स्थापना दिवसमा रक्तदान कार्यक्रमसँगै विविध प्रतियोगिताहरु आयोजना गरिएको थियो । सोमबार मकवानपुरगढी-३ मक्रान्चुलीमा आयोजित रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेका छन् । २४ औं स्थापना दिवसको अवसरमा ज्येष्ठ नागरिक सम्मान र वार्षिकोत्सवको अवसरमा आयोजित प्रतियोगितामा उत्कृष्ट भएका बालबालिका र सदस्यहरुलाई पुरस्कृत गरिएको संस्थाकी अध्यक्ष कल्पना श्रेष्ठले जानकारी दिइन् ।

कार्यक्रममा ९ जना सदस्य आमाहरुलाई ज्येष्ठ नागरिक सम्मान गरिएको उनले बताइन् । स्थापना दिवसको अवसरमा शनिबार बालबालिका र सदस्यहरुको लागि खेलकुदको आयोजना गरिएको थियो । बालबालिकाको खेलमा २-५ वर्षसम्मको बालबालिकाको लागि बलपास खेल, ५-१० वर्षसम्मको बालबालिकालाई स्मरण परीक्षण खेल र १०-१५ वर्षका बालबालिकाको लागि हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको थियो ।

त्यस्तै, सदस्य खेलतर्फ म्युजीकल चियर र घैंटो फुटाउने प्रतियोगिता आयोजना गरिएको थियो । शनिबार सम्पन्न विभिन्न खेलमा बिजय भएका २१ जना बालबालिका र ४ जना सदस्यहरुलाई पुरस्कृत गरिएको थियो ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विधुत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

# चुनावको तयारी तिव्र, १९ मतदानस्थल अतिसंवेदनशील



साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ मकवानपुरमा आगामी वैशाख ३० गते हुने स्थानीय तहको चुनावको तयारी तीव्र पारिएको छ ।

स्थानीय तहको निर्वाचन मिति नजिकिँदै जाँदा चुनावको तयारीलाई तीव्रता दिइएको हो । स्थानीय तह निर्वाचनको एकीकृत सुरक्षा रणनीति समेत तयार भएको छ । सोहीअनुसार प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको नेतृत्वमा धमाधम मतदान स्थलको निरीक्षणसमेत सुरु गरिएको छ । जिल्लाभित्र १० वटा स्थानीय तहमा एकसय ६५ वटा मतदानस्थल र तीनसय ५६ वटा मतदान केन्द्रहरू कायम गरिएको छ ।

जसमध्ये मकवानपुरका १९ वटा मतदान स्थल अतिसंवेदनशील रहेको पाइएको छ । सुरक्षाका दृष्टिकोणले १९ वटा अतिसंवेदनशील, ६० वटा संवेदनशील र बाँकी ८६ वटा सामान्य रहेको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्लाभित्र स्थानीय तहको निर्वाचन भयरहित शान्तिपूर्ण र सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्नका निम्ति गृह मन्त्रालयबाट प्राप्त स्थानीय तह निर्वाचन एकीकृत सुरक्षा योजना, २०७८ का आधारमा मकवानपुर जिल्लाको स्थानीय तह निर्वाचन विशेष सुरक्षा योजना जिल्ला सुरक्षा समितिबाट पारित गरी कार्यान्वयनमा ल्याइएको प्रजिअ पाण्डेले जानकारी दिए । विशेष सुरक्षा योजनाका आधारमा जिल्लाभित्रका करिब ४० प्रतिशतभन्दा बढी मतदान स्थल तथा मतदान केन्द्रहरूको निरीक्षण प्रजिअ पाण्डेको नेतृत्वमा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूबाट भइसकेको र बाँकी मतदानस्थल तथा मतदानकेन्द्रहरूको निरीक्षण भइरहेको जनाइएको छ ।

स्थानीय तहको निर्वाचनलाई भरपर्दो एवम् विश्वसनीय बनाउन जिल्लाभित्र रहेका इजाजतपत्र प्राप्त हातहतियारहरू मिति २०७८ साल चैत्र मसान्तसम्म नजिकको प्रहरी इकाईमा बुझाउन हतियार धनीहरूको लागि मिति २०७८ साल चैत ११ मा सूचनासमेत प्रकाशन गरी हातहतियार बुझ्ने कार्य भइरहेको उनले बताए ।

जिल्लामा एकहजार चार सय ७३ जना म्यादी प्रहरी छनौट गरी आजबाट जिल्ला प्रहरी कार्यालय, मकवानपुरद्वारा तालिम प्रदान गर्ने कार्य प्रारम्भ गरिएको छ । यसका साथै स्थानीय तहको निर्वाचनका समयमा जिल्लाभित्रका विभिन्न मतदान स्थल र मतदान केन्द्रहरूमा खटिने कर्मचारीहरूको विवरण तयारीको कार्यसमेत भइरहेको छ ।

प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूबाट मतदान स्थल र मतदान केन्द्रहरूको निरीक्षणसमेत गरिएको छ ।

# ७० जनाको आँखाको शल्यक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/रोटरी क्लब अफ हेटौंडाले संचालन गरेको आँखा शिविरमा मोतिविन्दु देखिएका ७० जनाको आँखाको शल्यक्रिया गरिएको छ ।

क्लबको वार्षिक कार्यक्रम अन्तर्गत् दोश्रो चरण कार्यक्रमअन्तर्गत् शनिबार शिविर संचालन भएको थियो । मकवानपुर जिल्लाका ३ र रौतहट जिल्लाको पौराही बागमती गरी जम्मा ४ स्थानमा भएको शिविरमा सातसय ६० जनाको आँखा परीक्षण गरिएको छ ।

परीक्षण गरिएकामध्ये ८० जना मोतिविन्दुका बिरामीहरू शल्यक्रियाका लागि छनौट गरिएकोमा जम्मा ७० जनाको मात्र शल्यक्रिया भएको शिविर संयोजक अर्जुन सुवेदीले जानकारी दिए । संयोजक सुवेदीका अनुसार बुधबारदेखि विभिन्न स्थानमा परीक्षण सुरु गरेर शल्यक्रिया गर्नुपर्ने बिरामीलाई हेटौंडास्थित हेटौंडा सामुदायिक आँखा अस्पतालमा शनिबार र आइतबार शल्यक्रिया गरिएको हो । सोमबारसम्म सम्पूर्ण बिरामीहरूको डिस्चार्ज गरिएको अस्पतालले जनाएको छ । शल्यक्रिया गर्नुपर्ने बिरामीलाई शिविर आयोजना गरिएको स्थानदेखि अस्पताल ल्याउने, शल्यक्रिया गर्ने र शल्यक्रियापश्चात् घरसम्म पुर्‍याउने सबै व्यवस्थापन रोटरी क्लबले गरेको रोटरी क्लबका अध्यक्ष रामप्रसाद शर्माले बताए ।

आँखा शिविर आयोजनाका लागि अस्ट्रेलियाका डेबिट एक्सलेको विशेष आर्थिक सहयोगमा तास्मानियाका रोटरी क्लबहरूले सहयोग गर्दै आइरहेको छ । क्लबले रोट्याक्ट क्लब अफ हेटौंडा र हेटौंडा सामुदायिक आँखा अस्पतालसँगको सहकार्यमा चैत्र २४ गते मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाको आँपटार, २५ गते राक्सिराङ गाउँपालिकाको खैराङ र बागमती गाउँपालिकाको गढन तथा रौतहट जिल्लाको पौराहीमा नि:शुल्क आँखा शिविर सञ्चालन गरेको थियो ।

पार्टी गर्दै हुनुहुन्छ ?
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

जैविक मलका फाइदाहरु
रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।
त्यसैले जैविक मल नै प्रयोग गरौं ।
स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं
पाइने स्थान:
सामुदायिक कृषि सहकारी संस्था लि.
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315
VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

www.sajhakuranews.com
साझाकुरा
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना